परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ४० पष्ठ ४ २०८२ मसिर १५ गते, सोमबार 1 December, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



कामबाट निकालेको झोकमा चालकले गरेका थिए उद्योग व्यवस्थापकको हत्या

टक नेपाल

बारामा पानी उद्योगका व्यवस्थापकको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पनेमा पर्साको वीरगञ्ज महानगरपालिका-२२ मनियारी बस्ने २१ वर्षीय राजनकुमार राम र सोही ठाउँका ३२ वर्षीय प्रमोद साह रहेका छन् । १२ मंसिरमा सर्लाहीको धनकौल गाउँपालिका-२ घर भई बाराको पसौनी गाउँपालिका-६ भलुही चोकमा रहेको किरण वेभरेज प्रालिका व्यवस्थापक रामकिशोर सिंहको हत्या गरिएको अवस्थामा उद्योग नजिकैको खोल्सामा शव भेटिएको थियो । प्रहरीका अनुसार सिंह हत्याका मुख्य योजनाकार राजन पानी सोही उद्योगमा सवारी चालकका रूपमा काम गर्थे । उद्योगका व्यवस्थापक सिंहसँग पटक-पटक राजनले विवाद गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । एक वर्षअघि गढीमाईको मेलाका बेला गाडीको कलज प्लेट जलेको विषयमा उनीहरूबीच विवाद भएको थियो । राजनले चलाउने गाडीको कलज प्लेट जलेपछि सिंहले उनलाई गाली गरेका थिए । त्यही झोकमा रामले उद्योगमा काम छाडेका थिए ।





करिब एक वर्षपछि गत १ कात्तिकदेखि उनी फेरि काममा फर्किएका थिए । उद्योगले तोकेको भन्दा बढी मूल्य लिएर पानी बेच्ने गरेको थाहा पाएपछि सिंहले राजनलाई १० मंसिरदेखि कामबाट निकालेका थिए । कामबाट निकालेको झोकमा उनले ११ मंसिर साँझ वीरगञ्जमा प्रमोदसँग बसेर मदिरा पिउँदै हत्याको योजना बनाएको प्रहरी अनुसन्धानबाट खुलेको छ । प्रहरीका अनुसार सँगै मदिरा पिएपछि राजन र प्रमोदले वीरगञ्जबाटै घरेलु हतियार ल्याई उद्योगभित्रै सिंहको हत्या गरेको खुलेको छ । 'वीर गञ्जबाटै ल्याएको धारिलो हतियार छुरा र ईंट्टा प्रयोग गरी हत्या भएको देखिन्छ,' बारा प्रहरीले भनेको छ ।

घटनामा संलग्न अभियुक्तहरू भारततर्फ भाग्ने तयारीमा रहेका बेला पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ ।

पर्साको भिस्वा नाकाबाट भारततर्फ भाग्न लागेको अवस्थामा छिपहरमाई गाउँपालिका-५ बाट मुख्य योजनाकार राजनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । हत्यामा संलग्न अर्का अभियुक्त प्रमोद भने वीरगञ्ज महानगरपालिका-२२ बाट पक्राउ परेका हुन् ।

'पर्सा प्रहरीको समन्वयमा घटना भएको १६ घण्टाभित्रै अभियुक्तहरू पक्राउ गर्न सफल भएका छौं,' जिल्ला प्रहरी कार्यालय बाराका निमित सूचना अधिकारी प्रहरी नीरिक्षक खेमप्रसाद नेपालले भने ।

पक्राउ परेका दुवै जनालाई जिल्ला अदालत बारा बाट कर्तव्य ज्यान कसुर मुद्दामा ७ दिनको म्याद थप गरी अनुसन्धान अधि बढाइएको बारा प्रहरीले जनाएको छ ।

ब्राउन सुगरसहित दुई जना पक्राउ

टक नेपाल

रौतहटको चन्द्रपुर नगरपालिका-४ गौर रोड नजिक प्रहरीले लागूऔषध सहित दुई जनालाई पक्राउ गरेको छ ।

गौर रोड घर भएका ३२ वर्षीय भोला साह र चन्द्रपुर-६ घर भएका २८ वर्षीय राजेश राईलाई इलाका प्रहरी कार्यालयले शनिवार साँझ पक्राउ गरेको हो ।

प्रहरीका अनुसार साह बैंकिङ कसुरका फरार प्रतिवादी हुन् । प्रहरी सहायक निरीक्षक निलेश पाठकको टोलीले साहलाई घरमै नियन्त्रणमा लिएर चेकजाँच गने क्रममा पाइन्टको गोजीबाट १९० ग्राम ब्राउन सुगर फेला परेको हो । उनकै बयानको आधारमा राईलाई समेत पक्राउ गरेको इलाका प्रहरी चन्द्रनिगाहपुरले जनाएको छ । पक्राउ परेका साह र राईबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

चन्द्रपुर इलाकामा लागू औषधको कारोबार बढेको भन्दै स्थानीयले प्रहरीको आलोचना गर्दै आएका छन् ।

धनुषामा एमाले महाधिवेशन प्रतिनिधि छनोट : रघुवीर महासेठको वर्चस्व



टक नेपाल

नेकपा एमालेको महाधिवेशन प्रतिनिधि चयन गर्दा धनुषामा पार्टी सचिव रघुवीर महासेठको वर्चस्व देखिएको छ ।

एमालेको अन्तर-संघर्षमा कतै नखुलेका महासेठको पक्षमा झन्डै दुई तिहाइ प्रतिनिधि आएको दाबी गरिएको छ । महासेठको गृह जिल्ला धनुषाबाट ७५ जना प्रतिनिधि चयन भएका छन् ।

धनुषाबाट चुनिएको प्रतिनिधि संख्या अरू जिल्लाहरूको तुलनामा सबैभन्दा बढी हो । यसमध्ये ४७ जना प्रतिनिधि रघुबीर महासेठको पक्षमा आएको दाबी गरिएको छ ।

धनुषा-१, ३ र ४ बाट महासेठको पक्षमा धेरै प्रतिनिधि आएका छन् । एक नेताका अनुसार, धनुषा-३ र ४ बाट लगभग सबैजसो प्रतिनिधि महासेठ र पत्नी जुली महतोको पक्षका छन् ।

धनुषा-३ जुलीको निर्वाचन क्षेत्र हो भने निर्वाचन क्षेत्र नम्बर ४ बाट महासेठले चुनाव लड्दै आएका छन् । धनुषा-३ बाट १४ जना र ४ बाट २१ जना प्रतिनिधि चयन भएका छन् ।

धनुषा-१, बाट १९ जना प्रतिनिधि चयन भएका छन् । त्यस मध्ये ८ जना महासेठको पक्षमा खुल्ने सम्भावना रहेको बताइन्छ ।

१९ जना प्रतिनिधि चयन भएको धनुषा-२ मा भने मतदान भएको थियो । मतदान हुँदा पनि महासेठको प्रभाव परेको नेताहरू बताउँछन् । जिल्ला अध्यक्ष भोला यादवका अनुसार दलित तर्फ २ जना प्रतिनिधि निर्विरोध चयन भएका छन् ।







पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

सम्पादकीय

अपेक्षित छ अख्तियारको तीव्र गति

भ्रष्टाचार आशंका गरिएका आयोजनामा सूक्ष्म अनुसन्धान होस् र दोषी फटाफट कारबाहीमा परून् भन्ने जनताको चाहना हुने गर्छ। हामीकहाँ भने भ्रष्टाचार काण्डका चर्चा अधिक हुने गरे पनि अनुसन्धान र कार बाहीको पाटो भने फितलो छ। जसले गर्दा जतातै भ्रष्टाचार भएको सुनिने तर कारबाही नहुने गर्दा जनतामा व्यापक असन्तुष्टि सिर्जना भएको छ। तर भ्रष्टाचारको अनुसन्धान र अभियोजन गर्ने प्रमुख जिम्मेवारी बोकेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमै कैयौं भ्रष्टाचारका काण्डहरू थन्किएर बसेका छन्। जस्तो कि, पोखरा र भैरहवा विमानस्थलसहित ६० अर्बका परियोजनामा भ्रष्टाचार भएको विभिन्न प्रतिवेदनले देखाएका छन्, तर अख्तियार भने अनुसन्धानलाई टुंगोमा पुऱ्याएर अभियोजनको प्रक्रिया अघि बढाउन तत्पर देखिएको छैन। दुई वर्षदेखि आलटाल गरिरहेको छ। यस्तो प्रवृत्तिले नागरिक मा रहेको असन्तुष्टि झनै बढ्ने निश्चित छ। त्यसले पुऱ्याउने क्षति बहुआयामिक हुन्छ। यसप्रति अख्तियार सचेत बन्नुपर्छ। २४ अर्ब ५८ करोड रुपैयाँ लागतमा तयार पोखरा विमानस्थल निर्माण आयोजनामा ठेक्का प्रक्रियादेखि नै अनियमितता गरिएको आरोप छ। ३० अर्ब लागतको गौतम बुद्ध विमानस्थल निर्माण क्रममा मुआब्जा वितरण र निर्माणमा मिलेमतो गरी अनियमितता गरेको आरोप छ। काठमाडौंको सिनामंगलमा १२ तले भवन निर्माण गर्दा कम गुणस्तरीय सामग्री प्रयोग गरेको, लागत बढाइएको, मूल डिजाइन परिवर्तन गरिएको र प्रक्रियागत कमजोरी ढाकछोप गरिएको आरोप लागेको छ।

नागरिक उड्डयन प्राधिकरणले भक्तपुरको नलिनचोकमा आफ्नो स्वामित्वमा रहेको ३२ रोपनी जग्गामा हेलिप्याड बनाउँदा वातावरणीय प्रभाव मूल्यांकन नगरेको आरोप छ। पोखरा विमानस्थल हुँदै उड्ने विमानको सर्भिलेन्स (निगरानी) गर्न चीनबाट गरिएको ट्रान्समिटर र रिसिभर टावरसम्बन्धी प्रविधि खरिदमा अनियमितताको आशंका छ। अनियमितताको आरोप लागेका यी आयोजनाहरूमाथि अख्तियारले अनुसन्धान गरिरहेको छ। अनुसन्धान गरिनु उचित हो, तर अनुसन्धानमै लामो समय बित्नु उचित होइन। कुनै पनि राज्य प्रणालीमा धेरथोर भ्रष्टाचार हुन्छन् नै। त्यसैले राज्यमा निगरानी र सन्तुलनका लागि फरकफरक संस्थाहरू स्थापना गरिएका हुन्छन्। ती संस्थाहरूले जति प्रभावकारी ढंगले काम गर्छन् र नतिजा निकाल्छन्, उति नै भ्रष्टाचारमा संलग्नहरू कारबाहीमा पर्छन्। जस्तो कि, भ्रष्टाचार काण्डमा अख्तियारले गहिरो अनुसन्धान र अभियोजन गर्ने तथा अदालतले उस्तै गम्भीरताका साथ दोषीलाई सजाय दिलाउने हो भने संस्थाहरूप्रति आममानिसमा भरोसा बढ्छ। भ्रष्टाचारमा संलग्न हुनेहरूले पनि आफूमाथि कारबाही हुन सक्ने पूर्वआकलन गर्छन् र हच्किन्छन्। यसले भ्रष्टाचार न्यूनीकरणमा त योगदान पुऱ्याउने छ नै, राज्यका प्रणालीमाथि पनि विश्वास बढ्छ। त्यसको लाभ अन्ततः राज्यका सबै संस्थालाई पुग्छ। सबै संस्थाबाट प्रभावकारी कार्यसम्पादन हुने सम्भावना बढ्छ। यसको ठीकविपरीत जब प्रभावकारी अनुसन्धान हुँदैन, अभियोजन हुँदैन, दोषीले सजाय पाउँछन् भन्ने स्थापित हुँदैन, त्यतिबेला प्रणालीप्रति अविश्वास बढ्न जान्छ। त्यसैले अमुक प्रकरणमा अख्तियारले छिटो अनुसन्धान टुंग्याएको र अभियोजन गरेको विषय राज्य प्रणालीप्रति नागरिकमा विश्वास बढाउन गरेको योगदानसँग पनि जोडिन्छ।

फरक-फरक प्रकरणमा राजनीतिक र प्रशासनिक नेतृत्वका फरक-फरक पात्रको नाम जोडिने गरेको हुन्छ। ती दोषी हुन पनि सक्छन्, नहुन पनि सक्छन्। तर आरोप लागिसकेपछि समाजले उनीहरूलाई हेर्ने नजर नै फरक हुन्छन्। आरोपित भए पनि समाजको नजरमा ती दोषी जस्तै हुन्छन्। त्यसैले अनुसन्धान, अभियोजन र अदालती फैसलाको शीघ्र टुंग्याई सम्बन्धित व्यक्तिमाथिको आरोपको निर्क्योल गर्नका लागि पनि आवश्यक छ। कोही व्यक्ति निर्दोष रहेछ भने उसले आरोपको भारी बोकेर बसिरहनुपर्ने हुँदैन। जो दोषी ठहर हुन्छ, उसले सजाय पाइहाल्छ। त्यसैले व्यक्तिले लामो समयसम्म आरोप खेपेरै बाँच्नुपर्ने र त्यसमार्फत सामाजिक पुँजीमा क्षति बेहोर्नुपर्ने अवस्थालाई अन्त्य गर्न पनि समग्र प्रक्रिया छिटो टुंगिनु उचित हुन्छ।

समयमै अनुसन्धान नटुंगिँदा जनतामाझ भ्रष्टाचारीलाई कारबाही हुन्छ भनेर विश्वास निर्माण हुन सक्दैन। नेपालमा लामै समयदेखि राजनीतिक तथा प्रशासनिक नेतृत्व भ्रष्टाचारमा मुछिए पनि खासै कारबाहीमा परेको पाइँदैन। बरु राजनीतिक र प्रशासनिक शक्तिको प्रभावले उनीहरूले प्राविधिक उन्मुक्ति पाउने गरेका छन्। यसले नागरिकमा आक्रोश र निराशा उत्पन्न गरिरहेको छ।

२३ र २४ भदौमा जेन-जी आन्दोलन हुनुको एउटा प्रमुख कारण देशमा जतातै भ्रष्टाचार भए पनि आरोपितमाथि उचित अनुसन्धान हुन्छ तथा दोषी कारबाहीमा पर्छन् भन्ने विश्वास स्थापित नहुनु नै थियो। त्यसैले पनि जेन-जी आन्दोलनपछि सिक्नुपर्ने एउटा महत्त्वपूर्ण पाठ भनेको भ्रष्टाचारविरुद्धका लडाइँमा खटिनका लागि स्थापना गरिएका संस्थाहरूको प्रभावकारी सञ्चालन हो। त्यसका लागि सम्बन्धित संस्थाको अग्रसरता नै महत्त्वपूर्ण हुनुपर्छ। राज्यले पनि अख्तियार जस्ता निकायमा स्वच्छ छवि र दृढ स्वभावको नेतृत्व लैजानुपर्छ। साथै, पर्याप्त जनशक्ति, प्रविधि, स्रोतसाधन उपलब्ध गराउनुपर्छ। कुनै पनि आयोजनामा भ्रष्टाचार हुँदा त्यहाँ तोकिएको लागत सम्बन्धित आयोजनाकै भौतिक/अभौतिक संरचना निर्माणमा खर्च नहुनु हो। त्यसले गुणस्तरहीन निर्माणको सम्भावनालाई बढाउँछ।

विच्छाको सांसद पद खारेज गर्न मधेश प्रदेश सभामा राप्रपाको पत्र

• टक नेपाल



पार्टीको निर्देशन विपरीत मधेशका वन तथा वातावरण मन्त्री बनेकी कञ्चन विच्छालाई प्रदेशसभा सदस्य पदबाट हटाउन राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेश सभालाई पत्राचार गरेको छ। राप्रपाबाट एक मात्र प्रदेशसभामा समानुपातिक सांसद रहेकी विच्छा गत २४ कात्तिकमा संविधानको धारा १६८ को ३ बमोजिम बनेका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारमा विना विभागीय मन्त्री बनेकी थिइन् । उनलाई ८ मंसिरमा मुख्यमन्त्री यादवले वन तथा वातावरण मन्त्रीको जिम्मेवारी तोकेका थिए।

राप्रपाले उनलाई सरकारबाट बाहिरिन निदेशन दिएको थियो। नबाहिरिएपछि स्पष्टीकरण समेत सोधेको थियो। पार्टीको नीति नियमको अटेर गरेपछि प्रक्रिया पुऱ्याए राप्रपाले उनलाई प्रदेश सभा सदस्य पदबाटै हटाउन राजनैतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ बमोजिम आवश्यक कारबाहीका लागि सूचना जारी गरिदिन प्रदेश सभामा पत्र पठाएको हो।

मधेशमा वनमन्त्री बनेकी विच्छालाई राप्रपाले गऱ्यो निलम्बन

राप्रपाका मुख्य सचिव केदारबहादुर अधिकारीको हस्ताक्षरसहित प्रदेश सभालाई पत्र पठाइएको हो । आजै पत्र प्रदेश सभा सचिवालयलाई प्राप्त भएपछि उपसभामुख बबिता राउत ईशरलाई बुझाइएको सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए।

उपसभामुख ईशरले पत्र प्राप्त गरेको र त्यस बारे कर्मचारीसहित कानुन विज्ञसँग छलफल गरेर सूचना प्रकाशन गर्ने बताइन्।

होटलहरुमा भइरहेको अनैतिक गतिविधिविरुद्ध स्थानीय सडकमा

• टक नेपाल



जनकपुरधाममा होटलहरुमा भइरहेको अनैतिक गतिविधि रोक्न स्थानीयवासी सडकमा उत्रेका छन्।

जनकपुरधामस्थित होटल तथा गेस्ट हाउसहरूमा देहव्यापार यौनजन्य क्रियाकलाप चल्दै आएको आरोप लगाउँदै पिडाडी चोक आसपासका बासिन्दाहरु कारबाहीको माग गदै सडकमा उत्रेका छन्। विरोध प्रदर्शनमा उत्रेका स्थानीयहरुले होटलहरुमा भइरहेको यस्ता गतिविधिले समाजमा नकारात्मक प्रभाव परिरहेकाले तत्काल नियन्त्रण गर्नुपर्ने आवश्यकता रहेको बताएका छन्।

जनकनगर सोसाइटी पिडाडीले देहव्यापार विरुद्ध जनचेतना अभियान सुरु गर्दै अनैतिक क्रियाकलापलाई संरक्षण दिएको भन्दै धनुषा प्रहरी प्रशासनविरुद्ध नाराबाजीसमेत गरेको छ । यौनजन्य क्रियाकलाप सञ्चालनमा संलग्न होटल तथा गेस्टहाउस सञ्चालकहरूलाई तत्काल अनौतिक क्रियाकलाप बन्द नगरिए स्थानीयस्तरमा होटल बन्द गराउने सहितका चेतावनी समेत दिएका छन्।



फागुन २१ को निर्वाचनमा ७५ वटा मतदान स्थल थपिँदै, ९३ वटा मतदानस्थल खारेज

टक नेपाल



आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदाताको पहुँचलाई सरल, सहज र व्यवस्थित तुल्याउन निर्वाचन आयोगले देशभरका मतदानस्थल पुनरावलोकन गरेको छ।

आयोगको आइतबारको निर्णयअनुसार मतदाताको सुविधाका लागि देशभर १६८ वटा नयाँ मतदानस्थल थप गरिएको छ भने अपायक, जीर्ण, प्रयोगमा नरहेका वा सञ्चालनयोग्य अवस्थामा नभएका ९३ वटा मतदानस्थल खारेज गरिएको छ।

मतदानस्थल पुनरावलोकनपछि साविकमा कायम १० हजार ८९२ मतदानस्थलमा जम्मा ७५ मतदानस्थल थप भई देशभर १० हजार ९६७ मतदानस्थल कायम गरिएको आयोगले जनाएको छ।

पुनरावलोकनका क्रममा मतदानस्थलको नाम र ठेगानामा रहेका त्रुटि सच्याउने, मतदातालाई पायक पर्ने स्थानमा आंशिक वा पूर्ण रूपमा स्थानान्तरण गर्ने, साविककै अको मतदानस्थलमा समायोजन गर्नेलगायतका कार्य सम्पन्न गरिएको जनाइएको छ।

मतदानस्थल पुनरावलोकन कार्यमा सहयोग र समन्वय पुऱ्याउने वडा तह, जिल्ला तह र केन्द्रीय तहमा रहेका समिति, सबै राजनीतिक दल तथा सरोकारवालाप्रति आयोगले हार्दिक धन्यवाद ज्ञापन गरेको छ। आयोगले निर्वाचनलाई थप सहज र विश्वसनीय बनाउन सो पुनरावलोकन महत्वपूर्ण कदम भएको पनि उल्लेख गरेको छ।

गौशाला-८ को शान्ति सामुदायिक वनमा अवैध रूपमा बनेको घर हटाइयो

टक नेपाल

महोत्तरीको गौशाला नगरपालिका-८ स्थित शान्ति सामुदायिक वन क्षेत्रमा अवैध रूपमा निर्माण गरिएको घरलाई शुक्रबार वन प्रशासनले हटाएको छ। टुटेश्वरनाथ सव-डिभिजन वन कार्यालय र सशस्त्र वन सुरक्षा शाखा माइस्थानको संयुक्त टोलीले वन क्षेत्र अतिक्रमण गरेर निर्मित संरचना भत्काउँदै वन भू-भागलाई अतिक्रमणमुक्त बनाएको हो।

डिभिजन वन कार्यालय जलेश्वरका प्रमुख अजय मिश्रका अनुसार सामुदायिक वनकै अध्यक्ष युगल किशोर महतो ले वनभूमि अतिक्रमण गरी घर निर्माण गरेको प्रारम्भिक सूचना प्राप्त भएपछि स्पष्टिकरण माग्ने तयारी भइरहेको छ। “हामीले सव-डिभिजनलाई आवश्यक प्रक्रिया अघि बढाई स्पष्टिकरण सोध्न निर्देशन दिएका छौं,” प्रमुख मिश्रले बताए।

टुटेश्वरनाथ सव-डिभिजन वन कार्यालयका वन अधिकृत राकेश विकको नेतृत्वमा गएको टोलीले अनधिकृत संरचना भत्काउने कार्य सम्पन्न गरेको थियो। वन क्षेत्रमा भइरहेका अवैध क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमन जारी रा।खिने वन कार्यालयले जनाएको छ।

यसैबीच, सोही टोलीले बर्दिवास नगरपालिका-४ को टुटेश्वर गाउँमा छापा मारेर साल जातका चौकट पनि बरामद गरेको छ। वनका मूल्यवान काठ तथा सामग्रीको गैरकानुनी कारोबार रोक्न प्रमुख प्राथमिकता राखिएको कार्यालयले बताएको छ।





रास्वपा र विवेकशील साझाबीच एकता

घोषणा, ५ बुँदे सहमतिमा हस्ताक्षर



टक नेपाल

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विवेकशील साझा पार्टीबीच एकता घोषणा भएको छ। काठमाडौंमा आयोजित एकता घोषणा सभामा दुई दलका नेताहरूले एकीकरणसम्बन्धी सहमतिमा हस्ताक्षर गरेका छन्।

रास्वपाका तर्फबाट कार्यबाहक सभापति डो लप्रसाद अर्याल र डा. स्वर्णिम वाग्लेले हस्ताक्षर गरेका छन् भने विवेकशील साझाकी अध्यक्ष समीक्षा बाँस्कोटा र उपाध्यक्ष प्रकाशचन्द्र परियार बीच हस्ताक्षर भएको हो।

उनीहरूबीच विभिन्न पाँच वटा बुँदामा सहमति भएको छ।

जस अनुसार, वैकल्पिक र ाजनीतिको प्रवर्द्धनमा स्व. उज्वल थापा एवं 'विवेकशील अभियान'को योगदानलाई दस्तावेजीकरण गरी मान्यता दिने सहमति भएको छ।

महाधिवेशनसम्मका लागि बनाइएको 'विशेष संयन्त्र संघीय नेतृत्व मञ्च' मा विवे कशील साझा पार्टीबाट एकीकरणको प्रक्रियाबाट आउने नेताहरुलाई आपसी समझदारीमा मनोनयन गने सहमति भएको छ। त्यस्तै, मञ्चका सदस्यहरूको वरि यता केन्द्रीय समितिको सदस्य सरह हुने सहमतिमा उल्लेख छ।

विवेकशील साझा पार्टीका सदस्य र सल्लाहकारहरुलाई केन्द्रीय, प्रादेशिक र स्थानीय तहगत संरचनामा समुचित समायोजन गरि जिम्मेवारी तो क्दा योग्यता, समावेशिताको सिद्धान्त र सार्वजनिक छविलाई आधार मान्ने पनि सहमतिमा बताइएको छ।

एकीकरण पश्चात् दलको नाम 'राष्ट्रिय स्वतन्त्र पार्टी', दलको झण्डा साविककै निलो पृष्ठभूमिको मध्य भागमा सेतो रङ्गको गोलाकार बीचमा निलो रङ्गको घण्टीको आकृति र दलको चिन्ह 'घण्टी' रहने बताइएको छ।

एकीकरण सम्बन्धी निर्वाचन आयोग सम्बद्ध कानूनी प्रक्रिया पूरा गर्न राष्ट्रिय स्वतन्त्र पार्टी र विवेकशील साझा पार्टीबाट आवश्यक दस्तावेजहरू तयार गर्दै पार्टीका नाममा रहेका चल-अचल सम्पत्तिको व्यवस्थापन आपसी समझदारीमा शीघ्र सम्पन्न गर्ने सहमति पनि भएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीको सिद्धान्त, नेतृत्व र चुनाव चिन्ह 'घण्टी' मा गोलबद्ध भइ लोकतान्त्रिक सुशासन र समुन्नतिका मुद्धा अधि बढाउन अन्य सबै सुसंस्कृत एवं परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरुलाई आव्हान गने पनि सहमति भएको छ।

एमाले महाधिवेशन प्रतिनिधि चयन :

गण्डकीमा खगराज र पृथ्वीसुब्बा गुटकै लडाइँ

टक नेपाल



जेनजी आन्दोलनपछि नीति र नेतृत्व परिवर्तन हुनुपर्छ भन्ने आवाज पेचिलो बनिरहेका बेला एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र स्थायी कमिटी सदस्य खगर ाज अधिकारीसमेत यथास्थितिमा उभिँदै केपी ओलीकै पक्षमा खुले। जेनजी आन्दोलनले सत्ताच्यूत भएको दल नेकपा एमालेमा फेरि पनि ओलीकै नेतृत्व हुनुपर्ने मत पृथ्वीसुब्बा र खगराजको मिले को छ।

नेतृत्वमा केपी ओली भने पनि भूगोलमा भने पृथ्वीसुब्बा र खगराज गुटको टक्करकै कारण महाधिवेशन प्रतिनिधि चयनमै घनचक्कर सिर्जना भएको छ। सर्वसम्मत बनाउने कसरत गर्दै केन्द्रीय सदस्यहरुलाई जिम्मा दिइए पनि यी दुई गुटको टक्करकै कारण कास्कीमा महाधिवेशन प्रतिनिधि चयन नै आइतबार बिहानसम्म अनिर्णित बन्यो।

मंसिर ७ गते एमाले प्रदेश कमिटीको बैठकमा पृथ्वीसुब्बा र खगराज दुबै ओलीकै नीति र नेतृत्व हुनुपर्ने भन्दै जेनजी आन्दोलनलाई अस्वीकारमात्रै गरे नन्, अब गुट नहुने घोषणासमेत गरेका थिए। तर, २०७३ सालपछि गण्डकीको भूगोलमा झ्यांगिएको पृथ्वीसुब्बा र खगराज गुट जेनजी आन्दोलनपछिको महाधिवेशन प्रतिनिधि चयनमा पनि ठूलो लडाइँ देखिएको छ।

भूगोलमा एमाले महाधिवेशन प्रतिनिधि चयनमा ने ता-कार्यकर्तामा तीनखाले मत देखिएको छ।

एउटा, नेतृत्वमा केपी ओली र महासचिव शंकर पो खरेल वा प्रदीप ज्ञवालीलगायत हुनुपर्छ भन्नेहरु छन्।

दोस्रो, नेतृत्वमा केपी ओली र महासचिवमा पृथ्वीसुब्बा गुरुङ हुनुपर्छ भन्नेहरु।

तेस्रो, नेता र नेतृत्व नै परिवर्तन हुनुपर्छ भन्नेहरु।

अहिले गण्डकीमा पहिलो र दोस्रो पक्षको गुटको लडाइँ पेचिलो बनेको छ भने नीति र नेतृत्व नै परिवर्तन हुनुपर्छ भन्ने पक्षधरलाई दुबै मिलेर कमजोर बनाउने प्रयत्न गरिएको नेताहरुले बताएका छन्।

नेतृत्वमा केपी ओली भनिए पनि महासचिवमा पृथ्वीसुब्बा र फेरि शंकर पोखरेल नै दोहोरिए भने वा उनले इच्छाएका व्यक्ति प्रदीप ज्ञवालीलगायत आए भने मत विभाजन हुन्छ।

शंकर वा प्रदीपको पक्षमा मत बलियो बनाउन खगराज समूहले कसरत गरिरहेको छ भने पृथ्वीसुब्बाले आफ्नो भूगोलमा बलियो पकड कायमै राख्न चाहन्छन्। त्यसै ले नेतृत्वमा जोसुकैलाई हालोस् तर महासचिवमा चाहिँ आफ्नो भूगोलबाट मत बलियो बनोस् भन्ने पृथ्वीसुब्बा गुरुङ समूहको कसरत छ। त्यसलाई रोक्न खगराज समूह सक्रिय छ।

पृथ्वीसुब्बाकै पक्षबाट प्रतिनिधि बन्ने र फरक ने तृत्वमा मत हाल्ने दाउसमेत नेताहरुको छ। उनीहरुको भनाइ छ, 'भूगोलमा हामी पृथ्वीसुब्बा भन्छौं केन्द्रमा फरक नेतृत्वका लागि मत हाल्न सक्छौं। अहिले नै बोल्यौं भने कमजोर पारिन सक्छ।' गण्डकीका १८ वटा निर्वाचन क्षेत्रमध्ये ६ वटा क्षेत्रबाट महाधिवेशन प्रतिनिधि छनोटका लागि निर्वाचन भएको छ। मनाङ, म्याग्दी, बागलुङ, स्याङ्जालगायतका जिल्लामा सर्वसम्मत भएका छन् भने नवलपुर, तनहुँको एउटा क्षेत्र, लमजुङमा प्रतिनिधि छनोटका लागि मतदानमा गएको हो। मुस्ताङ र कास्कीमा सर्वसम्मतको कसरत भएको छ।

पर्वतमा सर्वसम्मतको प्रयास गरिए पनि राष्ट्रिय सभाका पूर्वअध्यक्ष गणेश तिमिल्सिना र पदम गिरी समूहको टक्कर छ। तिमिल्सिना समूहलाई पृथ्वीसुब्बा र गिरी समूहलाई खगराजले साथ दिन्छन्। पर्वतमा तिमिल्सिनालाई रोक्ने प्रयास गरिएको नेताहरुको भनाइ छ।

कास्कीमा सर्वसम्मतको प्रयास गरिएको भए पनि पृथ्वीसुब्बा र खगराज गुटको प्रतिष्ठाको लडाइँकै कारण अहिलेसम्म सबै क्षेत्रको टुंगो लागिसकेको छैन भने टुंगो लागिहाले पनि विवादित हुने देखिएको छ। कास्कीमा पृथ्वीसुब्बा समूहबाट पोलिटब्युरो केन्द्रीय सदस्य जगत विश्वकर्मा र खगराजबीच भाग नमिल्दा १३ गते मध्यराजसम्म पनि अनिर्णित बन्न पुग्यो। ३ वटा क्षेत्र रहेको कास्कीमा केन्द्रीय सदस्यहरुलाई सर्वसम्मतिका लागि जिम्मेवारी दिइएको थियो।

'कास्कीलगायत ढिला भएका केही जिल्लामा पृथ्वीसुब्बा र खगराज गुटको भागबण्डा नमिलेका कारण ढिलाइ भएको हो,' एक केन्द्रीय नेताले भने, 'यो दुईको गुटको प्रतिस्पर्धाले कास्कीलगायत गण्डकीमा एमालेलाई नै कमजोर बनाउँदै छ।'

एमालेमा ओली र माधवकुमार नेपाल समूहको गुट हुँदा सधैं ओली पक्षको दबदबा थियो र नेपाल पक्षले आफूहरुमाथि अन्याय भएको बताउँथे। अहिले ने पालले एमाले छोडेर छुट्टै पार्टी खोलेपछि नेतृत्वमा ओ लीकै पक्षमा गण्डकी बलियो हुने देखिएको छ भने ओ लीको विकल्प खोज्नुपर्छ भन्नेलाई प्रतिनिधि चयनमै रोक्ने प्रयास गरिएको थियो तर ठूलो संख्या आउने ने ताहरुको दाबी छ।

कास्की क्षेत्र नम्बर १ खगराजसहित चुडामणि जंगली र बालकृष्ण काउचामगर छन् भने क्षेत्र नम्बर २ मा कृष्ण थापा, भीम कार्की, मञ्जुदेवी गुरुङ र क्षेत्र नम्बर ३ मा जगत विक, मीना गुरुङ र राजीव पहारीलाई सर्वसम्मत चयनका लागि जिम्मेवारी दिइएको थियो। तर, गुटको लडाईंका कारण बिलम्ब भएको नेताहरुले बताएका छन्।

केन्द्रीय समितिले शनिबार नै टुंगो लगाइसकेको तर जिल्लाले विवाद र विरोध एकसाथ हुनसक्ने भएकाले सार्वजनिक नगरेको नेताहरुको भनाइ छ। एमाले जिल्ला सचिव दर्शन लामाका अनुसार अधिकांश सर्वसम्मत भइसकेको छ र आजै सार्वजनिक हुने छ। तर, महाधिवेशन प्रतिनिधि छनोटमा भएको गुटबन्दी र निषेधले धेरै नेताहरु पाखा पर्न सक्ने चित्र कास्कीमा दे खिएको नेताहरुको भनाइ छ।

गण्डकीको मुख्यमन्त्री हुँदा एमाले उपमहासचिव पृथ्वीसुब्बाले एमाले अध्यक्ष ओली नै प्रधानमन्त्री हुँदा पनि अधिकारको लडाइँको अग्रभागमा देखिएका थिए। कास्की हुँदै गण्डकी प्रदेशमै खगराज समूहलाई कमजोर पार्दै ओलीलाई चुनौती दिएका पृथ्वीसुब्बा बलियो देखिएका थिए। एमाले गण्डकी प्रदेशको चुनावमा पनि उनले शक्तिको सन्देश दिएका थिए। तर, जेनजी आन्दोलनमा ओली नेतृत्वकै सरकारको सूचना तथा सञ्चारमन्त्री बनेका पृथ्वीसुब्बा पनि आलो चनाको केन्द्रमा पुगे।

नीति र नेतृत्व परिवर्तनको पक्षमा उभिएलान् भन्ने नेता कार्यकर्तालाईसमेत ओलीकै पक्षमा उभिन आग्रह गदै यथास्थितिमै रहे। उनले ओली समूहबाटै महासचिव ताकिरहेका छन्। ओलीकै नेतृत्वमा पृथ्वीसुब्बा र खगराज एकै ठाउँमा उभिए पनि भूगोलमा भने प्रतिष्ठाको लडाइँ कायमै छ। जुन लडाइँ जेनजी आन्दोलनपछिको महाधिवेशन प्रतिनिधि चयनमा पनि प्रस्ट रुपमा सतहमा देखिएको छ।



बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014